नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय, २०७३

हरिसिद्धि, सीतापाइला, काठमाडौं ।

फोन नं. ०१-४६७१७१७

बागमती प्रदेश, नेपाल।

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय हरिसिद्धि, सीतापाइला, काठमाडौं बागमती प्रदेश, नेपाल

प.सं. २०७७/७८

च.नं. ३२९५

मिति:२०७७।१०।६

श्री सहकारी संस्थाहरु सबै
नागार्जुन नगरपालिका

विषय: विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका कार्यक्षेत्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको सम्पुर्ण विवरण **कोपोमिस (COPOMIS) प्रणाली** मा प्रविष्टि गरी आधिकारीक User Name, Password लिई कार्य सञ्चालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिमका विवरणहरु यस नगरपालिकाको **सहकारी शाखामा ७** दिन भित्र उपलब्ध गराउनुहुन अनुरोध छ । साथै माग भए बमोजिमका विवरणहरु उपलब्ध नगराएमा सम्बन्धित सहकारी संस्थाको नाम **कोपोमिस (COPOMIS) प्रणालीमा प्रविष्टि** छुट्ट भई सहकारी संस्था दर्ता रेकर्डमा नरहने व्यहोरा समेत अनुरोध छ ।

तपसिल

- सहकारी संस्थाको नाम/ठेगाना
- टेलिफोन नं , आधिकारिक ईमेल ठेगाना, प्यान नं.
- कर चुक्ता प्रमाण पत्र
- विनियम,
- सञ्चालक समितिको विवरण
- चालु आ.ब.को पछिल्लो महिनाको मासिक विवरण
- लेखापरिक्षण प्रतिवेदन
- साधारण सभाको प्रतिवेदन
- सम्पत्ती शुद्दिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन २०७४ (संशोधन समेत) मा भएका व्यवस्थाहरु पालना गरेको विवरण

(सुरेन्द्र थापा मगर)
प्रमुख प्रशासकीय अधिकृ

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं ।

(मानदण्ड तथा अनुगमन शाखा)

पत्र संख्या :- ०७७/७८
चलानी नं.:-

श्री सहकारी संस्थाहरु,
देशभरीका सबै ।

विषय: एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा विवरण दाखिला गर्ने सम्वन्धमा ।

सहकारी ऐन, २०७४ को दफा ७३ (१) मा सहकारी संस्थाहरुले प्रत्येक वर्षको कारोवारको चौमासिक र वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन,वार्षिक कार्यक्रम, नीति तथा योजना, सञ्चालक समिति, साधारण सभा, शेयर लगायतका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सहकारी नियमावली, २०७५ को नियम २८ को उप नियम (४) ले सहकारी संस्थाहरुले आफ्नो संस्थागत तथा व्यवसायिक कारोवारको विवरण विभागले तोकेको एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरेको छ । बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ ले प्रत्येक महिनाको ७ गतेभित्र मासिक र प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ३० दिनभित्र वार्षिक वित्तीय प्रतिवेदन रजिष्ट्रारले तोकिदिएको ढाँचामा एकीकृत व्यवस्थापन सूचना प्रणालीमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।

ऐन, नियमावली र निर्देशिकाले उल्लेख गरे बमोजिम सबै सहकारी संघ संस्थाहरुले आ.व. ०७६/७७ को वार्षिक विवरण र आ.व. ०७७/७८ को हालसम्मको मासिक विवरण र समष्टिगत विवरण नियमित रुपमा एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS), मा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । कोपोमिसलाई पूर्ण रुपमा प्रयोग गरी प्रणालीले माँग गरे बमोजिमका विवरण नियमित तथा आवधिक रुपमा कोपोमिसमा दाखिला गर्नुहुनका साथै प्रणालीमा आवद्ध भई नसकेका संस्थाहरुले आगामी १५ (पन्ध्र) दिन भित्र आ-आफ्नो नियामक निकायबाट आफ्नो संस्थाको User name / Password लिई नियमित रुपमा विवरण दाखिला गर्ने व्यवस्थाका लागि अनुरोध छ ।

२०७८।१०।८

(दिपक राज पोखरेल)
शाखा अधिकृत